

## सुत्नका लागि असुरक्षित उत्पादनहरू के-के हुन् ?

आफ्नो शिशुका लागि सुत्ने उत्पादनहरू छनौट गर्नु एकदमै थकाउने काम हुन सक्छ । कुन उत्पादनहरू सुरक्षित छन् भनेर भन्न गाह्रो हुन सक्छ ।

शिशुहरूका लागि सुरक्षित निद्रासम्बन्धी ऐन 2021 को कानुनले शिशु सुत्ने उत्पादनहरूका लागि नयाँ संघीय सुरक्षा मापदण्डहरू बनाएको छ । यसको परिणामस्वरूप पहिले लोकप्रिय रहेका केही उत्पादनहरूलाई असुरक्षित भएको कारणले गर्दा प्रतिबन्ध लगाइएको छ । यी उत्पादनहरू अहिले निर्माण नगरिने भए तापनि तिनीहरू सेकेन्ड ह्यान्ड स्टोरहरूमा उपलब्ध हुन सक्छन् वा पहिलेका बच्चाहरूले प्रयोग गरेर अहिले प्रयोग गर्न दिइएका हुन सक्छन् ।

यस ब्रोसरमा नवजात शिशुहरूका लागि सुत्नका लागि असुरक्षित हुने उत्पादनहरूका बारेमा समीक्षा गरिनेछ ।

## थप जानकारी

आफ्नो शिशुका लागि सुरक्षित सुत्ने वातावरण कसरी निर्माण गर्ने भन्ने बारेमा यहाँ जानुहोस्:

UVMHealth.org/SafeSleep

अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स

HealthyChildren.org

अमेरिकी उपभोक्ता उत्पादन सुरक्षा आयोग

CPSC.gov

सेफ इन्फ्यान्ट स्लिप

SafeInfantSleep.org चार्लिज

किड्ज

CharliesKids.org

किड्ज फर क्रिब्स

CribsforKids.org

द पिरियड अफ पर्पल क्राइङ

PurpleCrying.info

Safe Sleep Vermont

यदि स्लिप स्याक वा स्वाडलमा "भारी" भनी लेबल गरिएको छ भने अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्सअनुसार यो शिशुका लागि सुरक्षित हुँदैन र यसलाई सुतिरहेका शिशुमा वा शिशुको नजिक प्रयोग गरिनुहुँदैन ।



# तपाईंको नवजात शिशुलाई

# दिन नहुने उत्पादनह रू

Nepali

June 2024

# प्रतिबन्ध लगाइएका उत्पादनहरू

## इन्क्लाइन्ड स्लिपरहरू

इन्क्लाइन्ड इन्फ्यान्ट स्लिपरहरूले निस्सासिने जोखिमलाई बढाइदिन्छन् । यी उत्पादनहरूमा सुताउँदा शिशुको टाउको अगाडितिर ढल्केर श्वासनलीमा अवरोध पुर्‍याउन सक्छ ।

उदाहरणहरू - Fisher Price Rock ‘n Play Sleeper – Kids II Ingenuity Moonlight Rocking Sleeper - Kids II Bright Starts Playtime to Bedtime Sleeper ।



## बम्पर प्याडहरू

क्रिब बम्पर भनेको क्रिबका छेउहरू ढाक्न भनेर बनाइएको सामग्री हो । क्रिब बम्परहरूले शिशु निस्सासिने, अड्किने र घाँटी कसिने जोखिमलाई बढाइदिन्छन् ।

उदाहरणहरू - प्याड भएको क्रिब बम्पर - सपोर्ट दिइएको वा सपोर्ट नदिइएको भिनायल बम्पर गार्ड - भर्टिकल क्रिब स्लेट कभरहरू ।

यस प्रतिबन्धमा मेस क्रिब लाइनरहरू पार्दैनन जसलाई बालरोग विशेषज्ञहरूद्वारा शिशु अड्किने र घाँटी कसिने जोखिमहरूका कारण निरुत्साहित गरिएको छ ।



# सुत्नका लागि असुरक्षित उत्पादनहरू

बजारमा पाउने केही उत्पादनहरूले एक वर्षभन्दा मुनिका शिशुहरूको सुरक्षित निन्द्राका लागि अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्सका मार्गनिर्देशिकाहरूलाई पूरा गर्दैनन् । निम्न वस्तुहरू तपाईंको रजिस्ट्रीमा हुनुहुँदैन वा तपाईंको सुतिरहेको शिशुबाट टाढा हुनुपर्छ ।

## बेबी नेस्ट तथा पोजिस्नरहरू

नेस्ट, डक वा स्नगर भनिने नरम सामग्रीहरूबाट बनेका यी उत्पादनहरूको कारण शिशुहरू निस्सासिने जोखिममा हुन्छन् ।

उदाहरणहरू - Dock-A-Tot - BabyNest Beds - Etsy Handmade Snugglers वा Nests ।



## बोल्स्टर र वेज पोजिस्नरहरू

यी कोमल वस्तुहरूको कारण शिशु पल्टिदा वा चल्दा निस्सासिने जोखिम हुन्छ र यिनीहरूलाई क्रिबको छेउमा राखिएको खण्डमा शिशुहरू अड्किने वा फस्ने हुन सक्छन् ।

उदाहरणहरू - Boppy Noggin Nest Head Support - SwaddleMe GoodVibes Vibrating Crib Wedge ।



## बेबी रिक्लिनर र बिन ब्यागहरू

बिन ब्यागहरू र फम भएका "रिक्लिनरहरू" नरम र लचिलो हुन्छन् जसको कारण शिशु निस्सासिने खतरामा हुन सक्छन् । क्रिबमा प्रयोग गर्दा शिशु तिनीहरूमा अड्किने वा फस्ने हुन सक्छ ।

उदाहरणहरू - Baby Matters Nap Nanny Recliners - BabyDelight Nestle Nook Comfort-Plush Infant Napper 2 ।



## क्रिब ह्यामक तथा भारी स्लिपर, स्वाडल र ब्लान्केटहरू

यी उत्पादनहरूको सुरक्षा परीक्षण गरिएको छैन । AAP ले आमाबुबा तथा हेरचाहकर्ताहरूलाई परीक्षण नगरिएका उत्पादनहरू प्रयोग नगर्न भनेर चेतावनी दिएको छ ।

उदाहरणहरू - Crescent Womb Infant Safety Bed - Little Lullaby Lullaby Hammock - Nested Bean Zen Swaddle - SensaCalm Weighted Blankets ।

**यदि तपाईंको शिशु कारको सिट, स्ट्रोलर, स्विङ, इन्फ्यान्ट क्यारियर वा स्लिङमा निदाएका छन् भने जतिसक्दो चाँडो उनलाई ठोस सुत्ने सतहमा सारेर उत्तानो परेर सुताउनुहोस् ।**